website:www.banphikotmun.gov.np
Email:ito.banphikotmun@gmail.com

# बाँफिकोट गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## बाँफिकोट गाउँपालिका, रुकुम पश्चिम
## कर्णाली प्रदेश, नेपाल
## २०७३

पत्र सं: ०८१/०८२
चलानी नम्बर: १०७०

मिति:- २०८१/११/०२

श्री वडा कार्यालयहरु (सबै)
बाँफिकोट गाउँपालिका
रुकुम (पश्चिम)

**विषय :-** आगामी आ.व.२०८२/०८३ का लागि बेरोजगार सूचीमा सूचीकृत हुनका लागि निवेदन दिने बारे।

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ को रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन २०७८ सहित) को दफा को उपदफा (१) बमोजिम आगामी आर्थिक बर्ष २०८२/०८३ मा बाँफिकोट गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न ईच्छुक सामाजिक र आर्थिक अवसरबाट बञ्चित महिला, आदिबासी जनजाती, दलित, शिमान्तकृत समुदाय तथा विपन्न वर्गका बेरोजगार व्यक्तिहरुले आफु स्थायी रुपमा बसोबास गरेको वडा कार्यालय तथा यस बाँफिकोट गाउँपालिका रोजगार सेवा केन्द्र कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ (दोस्रो संशोधन २०७८ सहित) को अनुसूची १ बमोजिमको ढाँचामा २०८० फाल्गुन मसान्त सम्ममा फारम भर्न भराउन सवैमा जानकारीको लागि अनुरोध गरिन्छ ।

**आवश्यक कागजपत्रहरु :**

- निवेदकको नागरिकताको प्रतिलिपी १ प्रति
- निवेदन फारम १ प्रति
- निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति
- अपाङ्गता तथा बैदेशिक रोजगारीको विवरण भरेको भए सम्बन्धित कागजातको प्रतिलिपी

**निवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु :**

- निवेदक १८ बर्ष पुरा भई ५९ बर्ष उमेर ननाघेको हुनु पर्नेछ।
- मापदण्ड र विवरण पुरा नभई आएका निवेदन मान्य नहुने र फारम भर्दा अनिवार्य रुपमा निवेदकको परिवारका सवै सदस्यहरुको जन्ममिति, नागरिकता नम्बर, जारी मिति, जारी जिल्ला र पारिवारीक आम्दानी लगायतका सम्पुर्ण विवरण पुर्ण रुपमा भर्नुहुन अनुरोध गरिन्छ ।
- आर्थिक र सामाजिक अवसरबाट बञ्चित महिला, आदिबासी, जनजाती, मधेसी, दलित साथै अन्य विपन्न सिमान्तकृत समुदायका व्यक्तिहरुलाई प्राथामिकतामा राखी न्यूनतम रोजगारीका कार्यक्रम सञ्चालन गरिने हुँदा यथार्थपरक र पूर्ण विवरण सहितको निवेदन दिनु पर्नेछ ।

**नोट:-** फारम सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेव साइट http://www.pmep.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**समिर गौतम**
**रोजगार संयोजक**

**दुर्ग बहादुर ओली**
**प्रमुख प्रशासकीय अधिकृत**